**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

*इ.प्रा.परिपत्र संख्या:-* ३९१ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **भारतबाट हुने आयात भुक्तानी व्यवस्था ।**

महाशय,

भारतबाट रुपैंयाँ १६ हजारभन्दा बढी मूल्यको मालवस्तुहरू आयात भुक्तानी सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. प्रचलित व्यवस्था अन्तर्गत रही ड्राफ्ट वा टि.टि. को माध्यमबाट भारतीय रुपैंयाँको सटही प्रदान गर्दा यसैसाथ संलग्न नमूना वमोजिमको वि.वि.नि.फा.नं.४(ग) जारी गर्नुपर्नेछ ।

२. आयात गरेका मालवस्तुहरू नियमित प्रकियाहरू अनुरुप भन्सार छुटाई लगिसकेपछि सम्बन्धित भन्सार कार्यालयबाट उपरोक्त वि.वि.नि.फा.नं.४(ग) मा दरपीठ गरी सोही फारममा उल्लेख गरे अनुरुप गर्नुपर्नेछ ।

३. क्रेडिट सुविधा अन्तर्गत आयात भएका मालवस्तुहरूको हकमा बैंकिङ्ग माध्यमबाट भुक्तानी गरेको निस्सा वि.वि.नि.फा.नं.४(ग) पेश गर्न आवश्यक नपर्ने ।

४. क्रेडिट सुविधा अन्तर्गत आयात भएका मालवस्तुहरू आयात भइसकेपछि आयात भएको व्यहोरा प्रमाणित हुने कागजातहरू जस्तैः इन्भ्वाइस, भन्सार प्रज्ञापनपत्र, राजस्व तिरेको रसीदको आधारमा बैंक/वित्तीय संस्थाहरूमा भारतीय रुपैंयाँको सटही माग भई आएमा ड्राफ्ट/टि.टि.को माध्यमबाट निर्यातकर्ताको नाममा भुक्तानी हुनेगरी सटही दिन सकिनेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा परिपत्र संख्या- ३९१ प्रयोजनको लागि)

वि.वि.नि.फा.नं.४ (ग)

......................
.................... **शाखा**

मिति :

नेपाल सरकार
....................... भन्सार कार्यालय
.......................................... ।

**विषय :- नगद/ड्राफ्ट/टि.टि. सटही सुविधा (भा.रु.) ।**

महाशय,

निम्न विवरण वमोजिमको सामानको पैठारीको लागि मेशर्श ....................................... लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको भा.रु. नगद/ड्राफ्ट/टि.टि. प्रदान गरिएको व्यहोरा प्रमाणित गरिएको छ ।

| सि.नं. | आयात गरिने सामानको विवरण | हारमोनिक कोड नम्वर | परिमाण | सटही लिएको कूल भा.रु. रकम |
|---|---|---|---|---|
| | | | | |

भवदीय,

विवरण तयार गर्नेको दस्तखत

आधिकारिक दस्तखत
छाप

नोट :- आयात गरिने सम्पूर्ण वस्तुहरूको नाम, ब्राण्ड, परिमाण इकाइ मूल्य कूल मूल्यबारे विस्तृत र प्रमाणित विवरण अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । यस पृष्ठमा नअटाएको खण्डमा पछाडिको पृष्ठ प्रयोग गर्नुपर्नेछ ।

**भंसार प्रयोजनको लागि**

माथि उल्लेखित विवरण अनुसारको मूल्य भा.रु. .............................. को जम्मा ........................ परिमाणको ......................... सामानहरू मिति ............................... को भंसार रसीद नं. .................. बाट यस भंसार कार्यालयवाट छुटाई लगेको प्रमाणित गर्दछौं ।

भंसार अधिकृतको दस्तखत र छाप

नोट : (क) पहिलो दुईप्रति भंसार प्रयोजनका लागि (भन्सार कार्यालयबाट प्रमाणित गरी सोको एकप्रति सम्बन्धित बैंक/वित्तीय संस्थामै फिर्ता बुझाउनुपर्ने)
(ख) तेश्रो प्रति सम्बन्धित बैंक/वित्तीय संस्थामा अभिलेख राख्नुपर्ने ।